# अध्याय ११
## दैनिक जीवन जानकारी



साइतामा प्रिफेक्चरको मस्कट कोबाटोन

१ फोहर नष्ट गर्ने ごみの しょり

२ टोल समिती, बासिन्दा समिती, बालबालिका समिती
ちょうないかい・じちかい・こどもかい

३ जापानी जीवनशैली にほんの せいかつ しゅうかん

४ यातायात こうつう

५ बैंक ぎんこう

६ अन्तर्राष्ट्रिय आदान प्रदान र अन्तर्राष्ट्रिय सहयोग गतिविधिहरू
こくさいこうりゅう・こくさいきょうりょくかつどう

७ पर्यटन かんこう

८ पुस्तकालय としょかん

९ कला संग्रहालय びじゅつかん

१० संग्रहालय はくぶつかん

साइतामा टेलिभिजन (डिजिटल स्थलीय टेलिभिजन प्रसारणको ३ च्यानल)डाटा प्रसारणमा, विदेशी बासिन्दाहरूको लागि परामर्श केन्द्र साइतामाको जानकारीहरु ६ भाषाहरूमा (जापानी, अंग्रेजी, चिनियाँ, दक्षिण कोरियाली,उत्तर कोरियाली, पोर्चुगिज, स्पेनिश) मा हेर्न सकिन्छ।

---

### १ फोहर नष्ट गर्ने ごみの しょり

घरबाट निक्लने फोहोर संकलन, नगरपालिकाले गर्ने गर्दछ। फोहोर जलाउन सकिने फोहोर, जलाउन नसकिने फोहोर, क्यान र बोतलहरू, र पुन: प्रयोग गर्न मिल्ने फोहोर जस्ता फोहोरको प्रकारका आधारमा विभिन्न दिनहरूमा फोहोरहरू क्रमबद्ध र सङ्कलन गरिन्छ। साथै, **ठूला आकारका फोहोरहरू र नष्ट गर्न गाहो हुने फोहोर***हरुमा शुल्क लिएर फाल्न सकिने वा सङ्कलन नगरिने पनि हुनसक्छ। प्रत्येक नगरपालिका अनुसार सङ्कलन गर्ने दिन, फोहोरको वर्गीकरण विधि, फोहोर फाल्ने झोला, डिस्पोजल विधि र सङ्कलन गर्ने स्थानहरू सम्बन्धी आफ्नै नियमहरू हुन्छन, प्रत्येक नगरपालिकाको नियम अनुरुप फाल्ने गर्नुहोस्। बिस्तृत जानकारीको लागि, प्रत्येक नगरपालिका (वार्ड) को सरसफाई विभागमा सम्पर्क गर्नुहोस्।

फ्रिज, एयर कन्डिशनर, टेलिभिजन, वाशिंग मशीन जस्ता ४ वस्तुहरूलाई, ठूलो फोहोरको रूपमा फाल्न मिल्दैन। स:शुल्क, बिक्रि गर्ने पसलले फिर्ता लैजाने गरिएकोले, प्रत्येक निर्माण कम्पनीका विक्रेतालाई सम्पर्क गर्नुहोस्।

*__ठूला आकारका फोहोरहरू या नष्ट गर्न गाहो हुने फोहोर__ भन्नाले, फर्निचर, ओछ्यान, बिजुलीका उपकरण, भान्साका भाँडाकुँडा, घरायसी सामानहरूआदि एक निश्चित साइजभन्दा माथिका बस्तुहरु पर्दछन। उदाहरणका लागि, दराज, टेबुल, कुर्सी, ओछ्यान, गलैंचा, साइकल, भिडियो, चुलो, ग्यास चुल्हो, र गल्फ उपकरणहरू आदि। बिस्तृत जानकारीको लागि, प्रत्येक नगरपालिका (वार्ड) को सरसफाई विभागमा सम्पर्क गर्नुहोस्।

---

## २　टोल समिती, बासिन्दा समिती, बालबालिका समिती　ちょうないかい・じちかい・こどもかい

स्थानीय समुदायमा एकअर्कालाई सहयोग गर्ने र मित्रतालाई गहिरो बनाउने ठाउँको रूपमा,स्वायत्त कार्यक्रम र गतिविधिहरू समन्वय गर्न प्रत्येक क्षेत्रको आफ्नै छिमेकी संघ हुन्छ। सदस्यता स्वैच्छिक हो,स्थानीयहरु संग सम्बन्ध बढाउन सकारात्मक रूपमा सहभागी बनौ। स्थानीय चाडपर्व र मनोरञ्जन गतिविधिहरू जस्ता विभिन्न कार्यक्रमहरूको जानकारी सर्कुलर बोर्ड बाट जानकारी गराईन्छ। यसलाई पढिसकेपछि तुरुन्तै अर्को घरमा पठाउनुहोस्।

धेरै छिमेकी संघहरूले प्राथमिक विद्यालयका विद्यार्थीहरूको लागि बाल क्लबहरू चलाउँछन्। यी क्लबहरूले चाडपर्वहरू, खेलकुदहरू, रेडियो क्यालिस्टेनिक्स र भ्रमणहरू जस्ता कार्यक्रमहरू आयोजना गर्छन्।

मासिक सदस्यता शुल्क संघ अनुसार फरक हुन्छ।

मासिक सदस्यता शुल्क संघ अनुसार फरक हुन्छ।

थप जानकारीको लागि, आफ्नो छिमेकीहरू, नगर(वार्ड) कार्यालय, शहर वा गाउँ कार्यालयमा सम्पर्क गर्नुहोस्।

---

## ३　जापानी जीवनशैली　にほん の せいかつ しゅうかん

### (१)　पारिवारिक जीवनशैली　かてい せいかつ

**मुल ढोका：**　जापानी घरको प्रवेशद्वारलाइ मुल ढोका(गेनकान), सामान्यतया अन्य कोठाहरु भन्दा एक स्टेप होचो हुन्छ। जुत्तामा लागेको फोहोर या माटोहरु घर भित्र नआउने गरी डिजाइन गरिएको छ। घर भित्र प्रवेश गर्दा, गेनकानमा आफ्नो जुत्ता

फुकाली छिर्नुहोस। घर भित्र लगाउने चप्पलहरू राखिएको छ भने, लगाउनुहोस।

**थातामी** ： जापानको कोठाको भुइमा वनस्पतिजन्यबाट बनाइएको गुन्द्री जस्तो म्याटलाइ थातामी भनिन्छ। थातामी भएको कोठामा प्रवेश गर्दा, घर भित्र लगाउने चप्पल पनि खोल्नु पर्दछ।

**फुतोन**： फुतोन भनिने जापानको ओछ्यानलाइ, थातामीको माथि बिछ्याइन्छ, हरेक बिहान उठाइन्छ र हरेक रात पुन: बिछ्याइन्छ। जापान उच्च तापमान र आर्द्रता छ,फुतोनलाइ कोठरीमा राख्दा, सकेसम्म चिसो नपस्ने गरि माथिल्लो शेल्फमा राख्नुहोस्। फुतोनलाइ स्वच्छ राख्न र लामो समय प्रयोग गर्नको लागि घाम लागेको दिनमा घाममा सुकौनुहोस।

**फुरो(बाथटब)**：बाथटबमा प्रवेश गर्ने तरिका, बाथटबमा प्रवेश गर्नुअघि आफ्नो शरीरलाई राम्ररी धुनुहोस्। त्यसपछि, बाथटब भित्र शरीर डुबाइ, आराम गर्नु साधारणतया जापानीहरूको बाथटबमा प्रवेश गर्ने तरिका हो। बाथटबको तातोपानी १/१ जनाको लागि परिबर्तन गरिदैन। बाथटबबाट निक्लने बेलामा, त्येसपछि प्रयोग गर्ने ब्येक्तिको लागि, प्लग बन्द गर्ने या तातोपानी बगाउने नगर्नुहोस।

**शौचालय**： शौचालयमा, शौचालयका लागि छुट्टै चप्पल राखिएको हुन्छ। शौचालयमा कोठामा प्रयोग गर्ने भाडा फरक चप्पल राखिएको छ भने, त्यो चप्पल प्रयोग गर्नुहोस। शौचालयहरू पश्चिमी शैलीको कमोड र जापानी शैलीको दुई प्रकारका हुन्छन।

## (२) ओमिआगे（उपहार）

जापानी चलनमा, उपहारहरू तयार गर्ने केही उदाहरणहरू छन्।
जापानी चलनमा, उपहारहरू तयार गर्ने केही उदाहरणहरू छन्।
नयाँ घरमा सर्ने बेलामा, छिमेकीको घरहरुमा परिचय गर्ने गरिन्छ, त्येतिबेला उपहार (उदाहरणका लागि, रुमाल)लिएर जानु सामान्य हो।

- चिनजानका साथिहरुको घरमा जानेबेलामा, फलफूल र मिठाई जस्ता साना उपहार लिएर जाने गरिन्छ।
- भ्रमण या व्यापार यात्रामा गएको बेलामा, त्यस स्थानमा सहकर्मीहरूका लागि मिठाई किनेर ल्याउने गरिन्छ।

## (३) उत्सव र औपचारिक अवसरहरू いわいごと と かんこん そうさい

**उत्सव**： जापानमा, विवाह, सुत्केरी, विद्यालय प्रवेश आदि पर्व मनाउन नजिकका व्यक्तिहरूलाई उपहार र नगद दिने चलन छ। नगद दिँदा, पसलमा बेच्नका लागि राखेको उपहार खाम प्रयोग गरिन्छ। उपहार खाममा नयाँ नोटहरू (जसलाई बैंकमा साट्न सकिन्छ) राख्ने गरिन्छ।

**विवाह**： जापानको विवाह समारोह, चर्च, होटल र मन्दिरहरूमा आयोजना गरिन्छ। पछिल्लो समय, जापानी र पश्चिमी शैलीको मिश्रित शैलीमा विवाह गर्ने चलन बढेको छ। पुरुषहरूले सामान्यतया कालो सूट, सेतो शर्ट र सेतो टाई लगाउँछन्, महिलाहरूले सामान्यतया किमोनो वा औपचारिक पोशाक लगाउँछन्।

**अन्त्येष्टि**： जब प्रियजनको मृत्यु हुन्छ, जागरण वा अन्त्येष्टि समारोहमा भाग लिने गरिन्छ। जागरण सामान्यतया अन्त्येष्टि समारोहको अघिल्लो रात आयोजना गरिन्छ। जागरण वा अन्त्येष्टि समारोहमा भाग लिँदा, कोडेन(उपहार खाम) (उपहार खाममा नगद, नयाँ नोटको प्रयोग गरिदैंन) दीइ, सोक पुस्तिकामा नाम लेख्ने गरिन्छ। पुरुषहरूले कालो सूट, सेतो शर्ट र कालो टाई लगाउँछन् र महिलाहरूले सामान्यतया कालो लुगा लगाउँछन्। गहना लगाउँदैनन्, तर मोतीको माला लगाउन सकिन्छ।

## (४) **टिप** ちっぷ

जापानमा सामान्यतया टिप दिने चलन छैन। महँगो रेस्टुरेन्ट, होटल, बैंक्वेट हल आदिमा सेवा शुल्कहरू समावेश गरिएको हुन्छ।

## ४　यातायात　こうつう

### (१)　रेल　でんしゃ

रेल भाडा तिर्न धेरै तरिकाहरू छन्।
जुनसुकै विधिहरूमा पनि, "वयस्क" र "बालबालिका" को लागि मूल्य फरक हुन्छ।
सामान्यतया, १२ वर्ष माथिका "वयस्क" र ६ देखि ११ वर्षकाहरु लाई "बालबालिका" को रुपमा लिइन्छ। प्राथमिक विद्यालयका विद्यार्थीहरू १२ वर्षका भए तापनि "बालबालिका"को रुपमा लिइन्छ। ५ वर्षसम्मका शिशु , साथै भएका "वयस्क" या "बालबालिका" १जनाको लागि, २ जना सम्म नि:शुल्क हुन्छ, तर तेस्रो शिशु देखि "बालबालिका" भाडा लाग्दछ। ० वर्ष को नि: शुल्क हुन्छ।

**सामान्य टिकट：**　सामान्य टिकट हो। तपाईले यसलाई स्टेशनमा भेन्डिङ मेसिनबाट किन्न सक्नुहुन्छ।

**कम्युटर पास：**　एउटै खण्ड भित्र जति पटक पनि चड्न सकिने टिकट हो।१ महिना, ३ महिना आदि प्रकारका हुन्छन्। प्रयोगकर्ता नाम लेखिएको हुन्छ। अरू मानिसहरूले प्रयोग गर्न मिल्दैन। विद्यालय पास खरिद गर्दा विद्यालयको प्रमाणपत्र चाहिन्छ। खरिद गर्ने तरिकाको बारेमा स्टेशन स्टाफलाई सोध्नुहोस्।

**कुपन　：** एउटै खण्डका लागि ११ देखि १४ वटा टिकटहरू सँगै बिक्री गरिन्छ। मूल्य नियमित टिकटको १० वटा बराबर हुन्छ। किनेको व्यक्ति बाहेक अन्य ब्यक्तिहरुले पनि प्रयोग गर्न सक्छन। प्रयोग अवधि र समयहरु तोकिएको हुन्छ। स्टेशनको भेन्डिङ मेसिनबाट या काउन्टरमा किन्न सकिन्छ।

**Suica（सुइका)）と PASMO（पासुमो）：**

Suica र PASMO दुबै रेल र बसहरूमा साझा IC कार्डहरू हुन् जसले तपाईलाई स्वचालित टिकट गेटहरू छोएर मात्र पार गर्न अनुमति दिन्छ। Suica JR East द्वारा बेचिन्छ, र PASMO निजी रेलवे, सबवे र बसहरू द्वारा बेचिन्छ। Suica ले निजी रेलवे, सबवे र बसहरू र PASMO ले JR ट्रेनहरूको प्रयोग गर्न पनि सकिन्छ। कार्डमा ब्यालेन्स कम छ भने, चार्ज गरेर फेरि प्रयोग गर्न सकिन्छ। पहिलो पटक कार्ड खरिद गर्दा, चार्ज बाहेक अलग ५०० येन जम्मा गर्नुपर्नेछ, तर कार्ड फिर्ता गर्दा जम्मा रकम फिर्ता पाइने छ।

Suica र PASMO तीन प्रकारका हुन्छन्।

- कम्युटर पास ： कम्युटर पास र प्रिपेड कार्ड दुवैको कार्यहरू गर्न सकिन्छ। प्रयोगकर्ता नाम लेखिएको हुन्छ। व्यक्तिगत जानकारी दर्ता गरि, हराएको अबस्थामा पुन: जारी गर्न सकिन्छ (शुल्क लाग्नेछ)। बालबालिकाहरुको लागी पनि छ।
- नाम लेखिएको प्रिपेड कार्ड: व्यक्तिगत जानकारी दर्ता गरि, हराएको अबस्थामा पुन: जारी गर्न सकिन्छ (शुल्क लाग्नेछ)। बालबालिकाहरुको लागी पनि छ।
- नाम नलेखिएको प्रिपेड कार्ड: व्यक्तिगत जानकारी दर्ता गरिएको हुदैन, हराएको अबस्थामा पुन: जारी गर्न सकिदैन।

※　नियमित टिकट दर भन्दा फरक हुन सक्नेछ। बिस्तृत जानकारीका लागि स्टेशन स्टाफलाई सम्पर्क गर्नुहोस्।

## (२)　बस

बस भाडाका बारेमा, सामान्यतया "वयस्क" र "बालबालिका" को लागि मूल्य फरक हुन्छ। धेरै अवस्थामा,१२ वर्ष माथिका "वयस्क" र ६ देखि ११ वर्षकाहरु लाई "बालबालिका" को रुपमा लिइन्छ। प्राथमिक विद्यालयका विद्यार्थीहरू १२ वर्षका भए तापनि "बालबालिका"को रुपमा लिइन्छ।५ वर्षसम्मका शिशुहरूको लागि बसको भाडा बस हेरिकन फरक हुन सक्छ। धेरैजसो अवस्थामा, "वयस्क" या "बालबालिका" १जनाको लागि, २ जना सम्म नि:शुल्क हुन्छ, तर तेस्रो शिशु देखि "बालबालिका" भाडा लाग्दछ। ० वर्ष को नि: शुल्क हुन्छ।

बस भाडाको भुक्तानी विधि बसको प्रकार अनुसार फरक हुन्छ। सामान्यतया, बसको अगाडिको प्रवेशद्वारबाट बस चढ्दा, भाडा त्येहिबेला तिर्नु पर्नेहुन्छ। बसको बिच वा पछाडिको प्रवेशद्वारबाट चढ्दा, भाडा त्येहिबेला नतिरी प्रवेशद्वारमा रहेको नम्बरयुक्त टिकट भेन्डिङ मेसिनबाट नम्बरयुक्त टिकट लिनु पर्दछ। बसबाट ओर्लने बेलामा, ड्राइभरको सिट माथि देखाइएको नम्बर र तपाईसँग रहेको नम्बर गरिएको टिकट नम्बर जस्तै नम्बरमा देखाइएको भाडा,ड्राइभरको सिटको छेउमा रहेको भाडा बक्समा नम्बर टिकट संगै राख्नु पर्दछ।　पहिलो स्टेसनबाट चढ्दा नम्बर टिकट नहुन सक्छ,त्यस समयमा, सबै भन्दा महँगो शुल्क तिर्नुपर्नेछ।धेरै अवस्थामा, Suica र PASMO पनि प्रयोग गर्न सकिन्छ।
Suica वा PASMO प्रयोग गर्दा, चढ्ने बेलामा प्रवेशद्वार नजिकै रहेको कार्ड रिडरमा IC कार्ड तच गरि, चढेको स्थान रेकर्ड गरिन्छ। ओर्लने बेलामा भाडा बक्समा रहेको कार्ड रिडरमा आईसी कार्ड तच गरि भुक्तान गर्न सकिन्छ।

बस, यात्रुको सिग्नलमा बस स्टपमा रोकिनेछ। गन्तव्यको बस स्टपको जानकारी दीइन्छ, झ्यालहरुमा राखिएको बटन थिची संकेत दिनुपर्दछ।

## (३)　ट्याक्सी

खाली ट्याक्सी, अगाडिको सिसामा रातो अक्षरमा "खाली कार"「空車」को संकेत राखेको हुन्छ। हात उठाई संकेत गरेमा रोकिनेछ। भाडा ड्राइभरको सिटको छेउमा रहेको मिटरमा

हेर्न मिल्दछ। राती १०:०० बजे (स्थान अनुसार ११:०० बजे) देखि बिहान ५:०० बजे सम्म, अतिरिक्त शुल्क लाग्दछ। चड्ने या झर्ने बेलामा, बायाँ पछाडिको ढोका खोल्ने र बन्द गर्ने ड्राइभरले स्वचालित उपकरणको प्रयोग गरि गर्ने गर्दछ।

## ५ बैंक ぎんこう

अपार्टमेन्ट वा मान्स्योनको भाडा तिर्न या काम गरेको स्थानबाट तलब प्राप्त गर्दा आदिमा, बैंक खाताको आवश्यक पर्दछ। बैंकमा खाता खोल्नको लागि, पहिचान पुष्टि गर्ने कागजातहरू (निवास कार्ड, राहदानी, आदि) र हस्ताक्षर छाप (हान्को) को आबस्यकता पर्दछ। बैंक अनुसार प्रक्रिया र आवश्यक कागजातहरू फरक पर्न सक्दछ। बिस्तृत जानकारीको लागि,खाता खोल्ने बैंकमा सम्पर्क गर्नुहोस्। साथै, खाता खोल्दा ATM कार्ड बनाउनु भयो भने, ATM प्रयोग गर्न सक्नुहुन्छ, जुन सुविधाजनक छ।

## ६ अन्तर्राष्ट्रिय सम्बन्ध आदान प्रदान र अन्तर्राष्ट्रिय सहयोग गतिविधिहरू

सार्वजनिक सस्था) साइतामा प्रीफेक्चरल अन्तर्राष्ट्रिय सम्बन्ध आदान प्रदान केन्द्र (SIA), प्रिफेक्चरका नागरिकहरूको अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्य गतिविधिलाई सहयोग गरि, क्षेत्रीय स्तरमा अन्तर्राष्ट्रिय सम्बन्ध आदानप्रदान र सहयोगलाई प्रवर्द्धन गर्दछ। साथै विदेशीहरूलाई परामर्श पनि दिदै आएको छ। यसबाहेक, संघमा साइतामा प्रीफेक्चरमा आधारित अन्तर्राष्ट्रिय सम्बन्ध आदानप्रदान र सहकार्य गर्ने समूहहरूको गतिविधिलाई सहयोग गर्दै,ती समूहहरूको जानकारी प्राप्त गर्ने ठाउँको रूपमा "अन्तर्राष्ट्रिय एक्सचेन्ज प्लाजा" जोडिएको छ।

## ☎ परामर्श / सम्पर्क

| संस्थाको नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| (सार्वजनिक सस्था)<br>साइतामा प्रीफेक्चरल अन्तर्राष्ट्रिय सम्बन्ध आदान प्रदान केन्द्र | ०४८-८३३-२९९२<br>http://www.sia1.jp/ | ५-६-५ किता उरावा, उरावा वडा, साइतामा सिटी<br>साइतामा प्रिफेक्चर उरावा संयुक्त सरकारी भवन 3F | सोमबार देखि शुक्रवार सम्म<br>(सार्वजनिक बिदाहरू, वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक)<br>८:३०-१७:१५ |

## ७　पर्यटन　かんこう

साइतामा प्रिफेक्चरमा विभिन्न पक्षहरूका धैरै आकर्षणहरू छन्। सुन्दर प्रकृति या इतिहास / संस्कृति अनुभव गर्न सकिने विभिन्न पर्यटकीय स्थलहरू,व्यायामको आनन्द लिन सकिने विभिन्न सुबिधाहरु पनि छन्।

「साइतामा प्रिफेक्चर आधिकारिक पर्यटन साइट चोकोथाबी साइतामा」

(अंग्रेजी)　URL：https://en.chocotabi-saitama.jp/

(सरलीकृत चिनियाँ)　URL：https://ch-kan.chocotabi-saitama.jp/

(परम्परागत चिनियाँ）　URL：https://ch-han.chocotabi-saitama.jp/

(दक्षिण कोरियाली）　URL：https://kr.chocotabi-saitama.jp/

(थाई）　URL：https://th.chocotabi-saitama.jp/

「चोकोथाबी साइतामा पर्यटन सूचना ब्यूरो」

Facebook（अंग्रेजी）　URL：https://www.facebook.com/saitama.japan.en

Facebook（परम्परागत चिनियाँ）　URL：https://www.facebook.com/saitamajapan.zhtw

Facebook（थाई）　URL：https://m.facebook.com/saitamajapan.th/

Instagram　（अंग्रेजी）　URL：https://www.instagram.com/saitama.japan.official/

साइतामा प्रीफेक्चर अन्तर्राष्ट्रिय पर्यटन PR एनिमेसन（「एनिमे दो साइतामा」मा प्रकाशित）

URL：http://www.skipcity.jp/channel/ani/

रंगको देशमा स्वागत छ पर्यटकीय स्थल/आकर्षण

URL：https://www.pref.saitama.lg.jp/theme/kankou/

साइतामा सांस्कृतिक कार्यक्रम जानकारी

प्रिफेक्चर भित्र गरिने संगीत,थिएटर, कला र अन्य सांस्कृतिक कार्यक्रम जानकारी पोस्ट गरिएको छ।

URL：http://event-saitama.jp/（आधिकारिक साइट）

## ८ पुस्तकालय としょかん

जापानको सार्वजनिक पुस्तकालयहरू, जो कोहीले नि:शुल्क प्रयोग गर्न सक्छन्। साइतामा प्रिफेक्चरमा बस्ने, काम गर्ने वा अध्ययन गर्नेहरूले साइतामा प्रिफेक्चरल लाइब्रेरीमा किताबहरू, पत्रिकाहरू, सीडीहरू, भिडियोहरू र डीभिडीहरू सापट लिन सक्छन्।आफू बसेको नगरपालिकाको पुस्तकालयमा अनुरोध गर्यो भने, अन्य पुस्तकालयहरूबाट अर्डर गर्ने सर्विस पनि लिन सकिन्छ, नजिकको पुस्तकालयसँग परामर्श गर्नुहोस्।

साथै, साइतामा प्रिफेक्चरल कुमागाया पुस्तकालयमा, विदेशी भाषाका सामग्रीहरू सङ्कलन गरेको "विदेशी सामग्री कर्नर" छ।सर्वेक्षण र परामर्शहरू पनि स्वीकार गर्छौं, सम्पर्क गर्न नहिचकिचाउनुहोस्।

## ☎परामर्श / सम्पर्क

| संस्थाको नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|
| साइतामा प्रिफेक्चरल कुमागाया पुस्तकालय | ०४८-५२३-६२९१<br>फ्याक्स: ०४८-५२३-६४६८ | ५-६-१ हाकोडा, कुमागाया शहर | ○ सामान्य सामग्री, साइतामा सामग्री, पत्रपत्रिका/विविध पत्रिकाहरू, सीडीहरू, भिडियोहरू, डीभिडीहरू<br>मङ्गल-शुक्र<br>९:००-२०:०० (जून-सेप्टेम्बर)<br>९:००-१९:०० (अक्टोबर-मे)<br>शनिबार, आइतबार र बिदाहरू<br>९:००-१७:००<br>児童資料他<br>बालबालिकाको सामग्री, आदि।<br>मङ्गलबार-रवि/बिदाहरू<br>९:००-१७:०० |
| साइतामा प्रिफेक्चरल कुकी पुस्तकालय | ०४८०-२१-२६५९<br>फ्याक्स: ०४८०-२१-२७९१ | ८५-५ शिमोहयामी, कुकी शहर | |
| साइतामा प्रिफेक्चरल कुमागाया पुस्तकालय उरावा शाखा | ०४८-८४४-६१६५<br>फ्याक्स: ०४८-८४४-६१६६ | ४-३-१८ ताकासागो, उरावा वार्ड, साइतामा सिटी प्रिफेक्चरल अभिलेखागार पहिलो तला | मङ्गल-रवि ९:००-१७:००<br>＊बुकिङ्ग गरेको सामग्रीहरू लिन, फिर्तागर्न र प्रतिलिपि गर्न सर्विस काउन्टर (पुस्तकालय छैन) |

| कार्यालय※ | | | |
|---|---|---|---|

○ साइतामा प्रिफेक्चरल पुस्तकालय वेबसाइट

https://www.lib.pref.saitama.jp/ （जापानी）

https://www.lib.pref.saitama.jp/foreign/index.html （中文、한국・조선어판、Tiếng Việt 、English、português、español、français、やさしい日本語）

○ साइतामा प्रिफेक्चरल पुस्तकालय प्रयोगकर्ता गाइड

https://www.lib.pref.saitama.jp/collection/docs/chinese.pdf （中文）
https://www.lib.pref.saitama.jp/collection/docs/korean.pdf （한국・조선어판）
https://www.lib.pref.saitama.jp/collection/docs/vietnamese.pdf （Tiếng Việt）
https://www.lib.pref.saitama.jp/collection/docs/english.pdf （English）
https://www.lib.pref.saitama.jp/collection/docs/portuguese.pdf （português）
https://www.lib.pref.saitama.jp/collection/docs/french.pdf （français）
https://www.lib.pref.saitama.jp/collection/docs/spanish.pdf （español）
https://www.lib.pref.saitama.jp/collection/docs/japanese.pdf （やさしい日本語）

○ साइतामा प्रिफेक्चरमा सार्वजनिक पुस्तकालयहरूको सूची

https://www.lib.pref.saitama.jp/about/post-1.html （जापानी）

---

9 कला संग्रहालय びじゅつかん

साइतामा प्रीफेक्चरल आधुनिक कला संग्रहालय, JR किता उरावा स्टेशन देखि पैदल नजिकैको किता उरावा पार्कको भित्र छ। मोनेट, चागल र पिकासो जस्ता विदेशी मास्टरहरूदेखि लिएर समकालीन जापानी कलाकारहरूसम्म, उत्कृष्ट कलाकृतिहरूको प्रदर्शनीको आनन्द लिन सकिन्छ। धेरै राम्रा डिजाइनका कुर्सीहरू पनि प्रदर्शनमा छन्।

## ☎परामर्श / सम्पर्क

| संस्थाकाे नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| साइतामा प्रीफेक्चरल आधुनिक कला संग्रहालय | ०४८-८२४-०१११ https://pref.spec.ed.jp/momas/ | ९-३०-१ टोकिवा, उरावा-कु, साइतामा-शी | १०:००-१७:३०<br>※प्रदर्शनी कोठामा प्रवेश १७:०० सम्म<br>※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, प्रिफेक्चरल सिटिजन डे मा खुला रहनेछ)<br>वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू, अन्य अस्थायी बन्द र अस्थायी खुला रहन सक्नेछ<br>प्रवेश शुल्क: MOMAS सङ्कलन, वयस्कहरूका लागि २०० येन, हाईस्कूलका विद्यार्थी/विद्यार्थीहरूका लागि १०० येन, जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि निःशुल्क<br>※विशेष प्रदर्शनीको लागि प्रवेश शुल्क विशेष प्रदर्शनीमा निर्भर गर्दछ। |

## १０　संग्रहालय　はくぶつかん

① साइतामा प्रीफेक्चरल इतिहास र लोकगीतको संग्रहालय, ओमिया पार्क भित्र छ। इतिहास, लोककथा, कला र शिल्पसँग सम्बन्धित सामान्य मानविकी संग्रहालय,राष्ट्रिय खजाना तरवार/ ट्यान्टो र ताइहेकी/इमाकी जस्ता देशले तोकेका, प्रिफेक्चरले तोकेका सांस्कृतिक गुणहरू समावेश छन्।

② साइतामा प्रीफेक्चरल साकितामा ऐतिहासिक संग्रहालय, राष्ट्रिय विशेष ऐतिहासिक स्थल साइतामा(साकितामा) कोफुनगुन भित्र छ।

संग्रहालयको प्रदर्शनी कोठामा, चिहानबाट उत्खनन गरिएका धेरै मूल्यवान सामग्रीहरू प्रदर्शन गरिएका छन्, जसमा राष्ट्रिय खजाना सुनले लगाएको फलामको तरवार पनि समावेश छ।

③ साइतामा प्रीफेक्चरल रान्जन ऐतिहासिक संग्रहालय सुगाया याकाता (किल्ला मैदान) मा अवस्थित छ, जुन राष्ट्रिय रूपमा तोकिएको ऐतिहासिक स्थल हो। यो ऐतिहासिक स्थल कामाकुरा अवधि (११८५-१३३३) मा धेरै सामुराई निवासहरूको घर थियो, त्यसपछि सेन्गोकु (युद्धकारी राज्य) अवधि (१४६७-१५६८) मा महलहरू थिए। संग्रहालयले आगन्तुकहरूलाई मध्य युग (लगभग 12 औं शताब्दीदेखि 16 औं शताब्दी) मा साइतामा प्रिफेक्चरको बारेमा जान्नको लागि ठाउँ प्रदान गर्दछ।

④ साइतामा प्रीफेक्चरल प्रकृति संग्रहालय、 साइतामाको प्रकृति र यसको पालनपोषण, प्रकृति र मानिसको जीवन बिचको सम्बन्धलाई परिचय गराउने प्राकृतिक संग्रहालय हो। "Paleoparadoxia" का वास्तविक जीवाश्म (राष्ट्रिय रूपमा तोकिएको प्राकृतिक स्मारक) वा विशाल शार्क "Carcharodon Megalodon" को पुनर्स्थापित मोडेल हेर्न सकिन्छ

⑤ साइतामा प्रिफेक्चरको मातृ नदी अराकावा नदीको विषयवस्तुमा, अराकावा नदीको प्रकृति, बाढी र बाढी नियन्त्रणको इतिहास,मुख्यतया डुङ्गा यातायातको लागि नदीहरूको प्रयोगको इतिहास परिचय गराउँछ। सँगै यसले नदी/पानी र जनताको जीवनबीचको सम्बन्धलाई पनि परिचय गराउँछ।

## ☎परामर्श / सम्पर्क

| संस्थाकाे नाम | **फोन नम्बर • URL** | **ठेगाना** | **रिसेप्शन समय** |
|---|---|---|---|
| ① साइतामा प्रीफेक्चरल इतिहास र लोकगीतको संग्रहालय | ०४८-६४१-०८९० https://saitama-rekimin.spec.ed.jp/ | ४-२१९ ताकाहानाचो, ओमिया वार्ड, साइतामा सिटी | ९:००-१६:३०<br>※रिसेप्शन समय बन्द हुनु भन्दा ३० मिनेट अघि सम्म<br>※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे बाहेक) १२/२९–१/१、 अन्य अस्थायी बन्द र अस्थायी खुला रहन सक्नेछ<br>※ठूला स्तरमा मर्मत कार्यको कारण, २०२३ को शरद (योजना) सम्म बन्द<br>प्रवेश शुल्क: (स्थायी प्रदर्शनी) वयस्कहरूको लागि ३०० येन, हाई स्कूलका विद्यार्थी/विद्यार्थी १५० येन (विशेष प्रदर्शनी) वयस्कहरूको लागि ४०० येन, हाई स्कूलका विद्यार्थी/विद्यार्थी २०० येन (अति विशेष प्रदर्शनी) वयस्कहरूको लागि ६०० येन, हाई स्कूलका विद्यार्थी/विद्यार्थी ३०० येन जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि नि:शुल्क |

| संस्थाको नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|
| ②साइतामा प्रीफेक्चरल साकितामा ऐतिहासिक संग्रहालय | ०४८-७५९-११११ https://sakitama-muse.spec.ed.jp/ | ४८३४ साइतामा, ग्योडा सिटी | ९:००-१६:३०<br>(जुलाई र अगस्टमा १७:०० सम्म)<br>※प्रदर्शनी कोठामा प्रवेश १६:०० सम्म<br>※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे, मा खुला रहनेछ）、 वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू, अन्य अस्थायी बन्द र अस्थायी खुला रहन सक्नेछ<br>※प्रवेश शुल्क: वयस्कहरूको लागि २०० येन, हाई स्कूलका विद्यार्थीहरू र अन्य विद्यार्थीहरूको लागि १०० येन, जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि निःशुल्क<br>※साइतामा समाधिस्थल, राष्ट्रिय खजाना प्रदर्शनी कोठामा सामग्री (सुनले लगाएको फलामको तरवार इत्यादि) धेरै भाषाहरूमा प्रस्तुत गरिएको छ<br>※राष्ट्रिय खजाना प्रदर्शनी कोठामा सामग्री (सुनले लगाएको फलामको तरवार इत्यादि) बहुभाषिक पर्चाहरुमा प्रस्तुत गरिएको छ।<br>(भाषाहरू: जापानी, अंग्रेजी, चिनियाँ (सरलीकृत/परम्परागत), दक्षिण कोरियाली) |
| ③साइतामा प्रीफेक्चरल रञ्जन ऐतिहासिक संग्रहालय | ०४९-३६२-५८९६ https://ranzan-shiseki.spec.ed.jp/ | ७५ सुगया, रञ्जन-चो | ९:००-१६:३०<br>(जुलाई र अगस्टमा १७:०० सम्म)<br>※बन्द हुनु भन्दा ३० मिनेट अघि सम्म प्रवेश गर्न सकिनेछ।<br>※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे, मा खुला रहनेछ）、 वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू, अन्य अस्थायी बन्द र अस्थायी खुला रहन सक्नेछ<br>प्रवेश शुल्क: वयस्कहरूको लागि १०० येन, हाई स्कूलका विद्यार्थीहरू र अन्य |

| संस्थाको नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|
| | | | विद्यार्थीहरूको लागि ५० येन, जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि निःशुल्क |
| ④साइतामा प्रीफेक्चरल प्रकृति संग्रहालय | ०४९-४६६-०४०४<br><br>https://shizen.spec.ed.jp/ | नागाटोरो टाउन नागाटोरो १४१७-१ | ९:००-१६:३० (जुलाई र अगस्टमा १७:०० सम्म)※बन्द हुनु भन्दा ३० मिनेट अघि सम्म प्रवेश गर्न सकिनेछ। बन्द: सोमबार (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे, र जुलाई १ देखि अगस्ट ३१ सम्म बाहेक) वर्षको अन्त्य र नयाँ वर्ष बिदा, अस्थायी रूपमा बन्द हुन सक्छ<br>प्रवेश शुल्क: वयस्कहरूको लागि २०० येन, हाई स्कूलका विद्यार्थीहरू र अन्य विद्यार्थीहरूको लागि १०० येन, जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि निःशुल्क |
| ⑤साइतामा प्रीफेक्चरल नदी संग्रहालय | ०४८-५८१-७३३३<br><br>https://www.river-museum.jp/ | योरिचो कोजोनो ३९ | ९:००-१७:००<br>（गर्मी बिदाको समयमा समय बढ्न सक्ने）<br>※बन्द हुनु भन्दा ३० मिनेट अघि सम्म प्रवेश गर्न सकिनेछ।<br>※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे, र गर्मी बिदा बाहेक),वर्षको अन्त्य र नयाँ वर्ष बिदा, अस्थायी रूपमा बन्द हुन सक्छ<br>प्रवेश शुल्क: वयस्कहरूको लागि ४१० येन, हाई स्कूलका विद्यार्थीहरू र अन्य विद्यार्थीहरूको लागि २०० येन, जुनियर हाई स्कूल भन्दा साना |

| संस्थाको नाम | **फोन नम्बर • URL** | **ठेगाना** | **रिसेप्शन समय** |
|---|---|---|---|
| | | | विद्यार्थीहरूका लागि निःशुल्क<br>पार्किङ स्थल: सामान्य कार ३०० येन |